म.प.बै.सं. ३७।०८१

## संवत् २०८१ साल चैत्र ०५ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः बढुवा समितिको सचिवालयबाट बढुवा नियक्तिको लागि सिफारिस भई आएका अधिकृत एघारौं र नवौं तहका विभिन्न उम्मेदवारहरुलाई बढुवा नियुक्ति गरि पदस्थापन गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार मुख्यमन्त्री तथा मन्त्रिपरिद्को कार्यालय, मधेश प्रदेश वा अन्तर्गत कामकाजमा खटिई आउनुभएका ५ जना प्रदेश सचिवहरुलाई विभिन्न मन्त्रालयहरुमा कामकाज गर्न खटाउने।

३. अर्थ मन्त्रालयः प्रदेशआर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी विधेयकको मस्यौदा गर्न सैद्धान्तिक स्वीकृति दिने।

४. उर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालयः खानेपानी, सरसफाई तथा स्वच्छता विधेयक २०८१ को मस्यौदा गर्न सैद्धान्तिक सहमति दिने।

५. भौतिक पूर्वाधार विकास मन्त्रालयःत्रिपक्षिय सम्झौता (MOU)को Annex A (Cost Sharing Mechanism for three Level of Governments for PLRIP) अनुसार प्रदेश सरकारबाट स्वीकृत कार्यक्रमहरुमा संघ सरकारबाट प्राप्त भएको IDA(International Development Association) को एकमुष्ट स्वीकृत बजेटलाई बजेट थपघट विवरण अनुरुप उपशिर्षक नं. ३३७९११४२ प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम (संघ सर्शत अनुदान) अन्तर्गत बजेट बाँडफाँड गरी PLMBIS मा प्रविष्टी गर्ने।

६. शिक्षा तथा संस्कृति मन्त्रालयः विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा परिचालन कार्यविधि, २०८१ स्वीकृत गर्ने।

७. प्रदेश नीति आयोगका सदस्य श्री रक्षाराम हरिजन (चमार) ले सदस्य पदबाट दिनुभएको राजीनामा मिति २०८१/१२/०५ देखि लागु हुनेगरी स्वीकृत गर्ने।

८. सप्तरी जिल्ला निवासी ललिता कुमारी यादवलाई प्रचलित कानून बमोजिम सेवा सुविधा पाउने गरी प्रदेश नीति आयोगको सदस्य पदमा नियुक्त गर्ने।

म.प.बै.सं. ३८।०८१

## संवत् २०८१ साल चैत्र १९ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः (क) मधेश प्रदेश सरकार (मन्त्रिपरिषद्) को मितिः २०८१/०९/१६ को निर्णयानुसार अर्को व्यवस्था नभएसम्मको लागि राजेश कुमार मिश्रलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आर्थिक तथा प्रशासनिक अधिकार सहितको निमित्त प्रदेश सचिवको जिम्मेवारी तोकिएकोमा निजलाई सो जिम्मेवारीबाट हटाउने।

(ख) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (अतिरिक्त समूह) मा कार्यरत स्वास्थ्य सेवा, जनरल हेल्थ सर्भिसेज समूह, अधिकृत एघारौं तहका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. प्रमोद कुमार यादव (क.सं.न. १८२४२८) लाई अर्को व्यवस्था नभएसम्मका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेशको आर्थिक तथा प्रशासनिक अधिकार सहितको निमित्त प्रदेश सचिवको जिम्मेवारी तोक्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः  प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशबाट स्थायी नियुक्तिको लागि सिफारिस भई आएका अधिकृत नवौं तहका उम्मेदवारलाई स्थायी नियुक्ति गरी पदस्थापन गर्ने।

३. खेलकुद तथा समाज कल्याण मन्त्रालयः प्रदेश खेलकुद विकास ऐन, २०८१ को दफा ३ को उपदफा (२) को खण्ड (ढ) बमोजिमको मधेश खेलकुद परिषद्को सदस्य-सचिवमा विरगंज महानगरपालिका-१५ निवासी शिवजी प्रसाद कानुलाई नियुक्त गर्ने।

४. गृह, सञ्चार तथा कानुन मन्त्रालयः नेपाल राजपत्रको खण्ड ७४, संख्या ५९, भाग ५, मितिः २०८१/११/१५ गतेको राजपत्रमा प्रकाशित सूचना अनुसार नेपाल सरकारले विक्रम सम्वत २०८२ साल वैशाख १ गते देखि चैत्र मसान्तसम्म एक बर्षभरि सबै सरकारी कार्यालय तथा सार्वजनिक निकायको लागि निर्धारण गरेको सार्वजनिक विदाका अतिरिक्त २०८२ सालमा मधेश प्रदेशमा दिइने थप विदा स्वीकृत गर्ने।

थप विदाः वैशाख २-सिरुवा पावनी

कार्तिक ११- छठ पर्वको भोलिपल्ट

मंसिर ९- विवाह पञ्चमी

५. गृह, सञ्चार तथा कानुन मन्त्रालयः सम्माननीय प्रधानमन्त्रीज्यूबाट मिति २०८१ चैत्र २६ गते मधेश प्रदेश सभाको बैठकमा सम्बोधनका लागि आवश्यक व्यवस्थापन गर्न माननीय सभामुखज्यूलाई अनुरोध गर्ने।

६. शिक्षा तथा संस्कृति मन्त्रालयः प्रदेश स्वयंसेवक शिक्षक परिचालन (पहिलो संशोधन) कार्यविधि, २०८१ स्वीकृत गर्ने।

७. शिक्षा तथा संस्कृति मन्त्रालयः नयाँ योजना तथा कार्यक्रमहरु कायम गर्न स्वीकृति प्रदान गर्ने।

८. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः शहीद सूर्यनाथ राना स्मृति अस्पताल, डुमरिया, धनुषालाई मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले सञ्चालन गर्न र सो अस्पताल सञ्चालनका लागि छुट्याईएको बजेट प्रतिष्ठानलाई उपलब्ध गराउन स्वीकृति दिने।

९. शिक्षा विकास निर्देशनालय , मधेश प्रदेशको निमित्त निर्देशकको रुपमा कार्यरत शिक्षा सेवा , शिक्षा प्रशासन समूह , अधिकृत दशौं तहका उपसचिव श्री ठुलो बाबु दाहाल (क.सं.नं. १४३०४६) लाई प्रदेश निजामति सेवा ऐन , २०७७ को दफा २५ बमोजिम शिक्षा तालिम केन्द्र, बारामा सरुवा गर्ने ।

१०. शिक्षा तथा संस्कृति मन्त्रालय , मधेश प्रदेशमा पदाधिकार भई हाल शिक्षा तालिम केन्द्र , बारामा कार्यरत शिक्षा सेवा, शिक्षा प्रशासन समूह , अधिकृत दशौं तहका उपसचिव श्री महेन्द्र महतो (क.सं.नं. १४१३७३) लाई प्रदेश निजामति सेवा ऐन , २०७७ को दफा २५ बमोजिम शिक्षा विकास निर्देशनालय , मधेश प्रदेशमा सरुवा गरी अर्को व्यवस्था नभएसम्मको लागि सो निर्देशनालयको निमित्त निर्देशकको जिम्मेवारी तोक्ने ।

म.प.बै.सं. ३९।०८१

**संवत् २०८१ साल चैत्र ३० गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. मधेश प्रदेश सभाको चालु चौथो अधिवेशन मिति २०८१ साल चैत्र ३० गते शनिबार राती १२.०० बजेदेखिअन्त्य गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने।

२. मधेश प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८१।१२।१९ को निर्णयानुसार अर्को व्यवस्था नभएसम्मका लागि अधिकृत एघारौं तहका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. प्रमोद कुमार यादव (क.सं.नं. १८२४२८) लाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेशको आर्थिक तथा प्रशासनिक अधिकार सहितको निमित्त प्रदेश सचिवको जिम्मेवारी तोकिएकोमा निज हालसम्म सो मन्त्रालयमा हाजिर नभएकोले निज हाजिर नहुञ्जेलसम्मको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा कार्यरत अधिकृत नवौं तहका उपसचिव श्री राजेश कुमार मिश्र (क.सं.नं.१५८८९७) लाई सो मन्त्रालयको आर्थिक तथा प्रशासनिक अधिकार सहितको निमित्त प्रदेश सचिवको जिम्मेवारी तोक्ने ।